# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## घिरिङ गाउँपालिका
## तनहुँ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४९ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
घिरिङ गाउँपालिका, घिरिङ गाउँकार्यपालिकाको कार्यालय,
तनहुँ ।

**कैफियत सहितको राय**

हामीले घिरिङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ८ लाख ५५ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. ११ लाख १४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.३१ लाख ८६ हजार र नियमित गर्नुपर्ने रू.६५ लाख ५५ हजार रहेको छ ।पालिकाको गतवर्ष रु ६ करोड ३ लाख २४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ७ करोड ७ लाख ४४ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

घिरिङ गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३८ | २७ | १०८५५ | ० | ० | ० | ३८ | २७ | १०८५५ | १११४ | ६५५५ | ३१८६ | ० | ० | ९७४१ | ० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | ६०३२४ | ० | ४३५ | ५९८८९ | ० | १०८५५ | ७०७४४ |

**पुनश्च:** प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश भएकोमा यथाशिघ्र सम्परीक्षण गरी सोको जानकारी गराईने व्यहोरा अनुरोध छ ।

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : घिरिङ गाउँपालिका, तनहुँ , घिरिंग गाउँपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| | | बेरुजु रकम | १०,८५५,५४३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,७८,५७,२३० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २३,९८,८१,८१० | चालु खर्च | २०,१९,३२,५३५ |
| प्रदेश सरकारबाट अनुदान | २,२१,६३,००० | पूँजीगत खर्च | १२,६८,००,०४० |
| राजश्व बाँडफाँट | ५,८३,४०,०३६ | वित्तीय/अन्य व्यवस्था | १,२२,८१,९२३ |
| आन्तरिक आय | ९६,३८,४५२ | | |
| अन्य आय | २,१८,९३,०४९ | | |
| कुल आय | ३५,१९,१६,३४७ | कुल खर्च | ३४,१०,१४,४९८ |
| बाँकी मौज्दात | | ७,९७,५९,०७९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, ३० सभा सदस्य, १२६वर्ग किलोमिटर क्षेत्रफल तथा १९३१८ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| ३ | | | **वित्तिय विवरण** | |

| विवरण | टिप्पणी | यसवर्ष रु. | | |
|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ३९२५०६४६४ | ३५१६६३८३१ | ३५१६६३८३१ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ३८२८६१५१७ | ३३७७२३२९८ | ३३७७२३२९८ |
| ११००० कर | ११ | ७६२०७३७० | ५९०१५६०९ | ५९०१५६०९ |
| १३००० अनुदान | | २९४०९५९३० | २६९७४४८१० | २६९७४४८१० |
| संघीय सरकार | १२ | २५०४३२९३० | २३९८८१८१० | २३९८८१८१० |
| प्रदेश सरकार | १२ | ३२६६३००० | २२१६३००० | २२१६३००० |
| अन्तरिक श्रोत | १२ | ११०००००० | ७७००००० | ७७००००० |
| १४००० अन्य राजस्व | | १२५५८२१७ | ८९६२८७९ | ८९६२८७९ |
| ख. अन्य प्राप्ति | | ९६४४९४७ | १३९४०५३२ | १३९४०५३२ |
| कोषहरु | | ९६४४९४७ | ८८१५६६७ | ८८१५६६७ |
| धरौटी | | ० | ५१२४८६५ | ५१२४८६५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४५९८६३६९४ | ३४२७२६७८८ | ३४२७२६७८८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४५०२१८७४७ | ३२८७३२५७६ | ३२८७३२५७६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३९५३५२२१ | १२७१८१२६३ | १२७१८१२६३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६९५५२८८४ | ४९०७५७६९ | ४९०७५७६९ |
| २५००० सहायता (Subsidy) | १८ | १७२७२६४० | १३२३८७८६ | १३२३८७८६ |
| २६००० अनुदान | १८ | २३५०००० | ७४६९१० | ७४६९१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | १५८६३००० | ११०९८६९८ | ११०९८६९८ |
| २८००० अन्य खर्च | १८ | १३१८६६८ | ५९१११० | ५९१११० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०४३२६३३४ | १२६८०००४० | १२६८०००४० |
| घ. अन्य भूक्तानी | | ९६४४९४७.१ | १३९९४२११.७५ | १३९९४२११.७५ |
| कोषहरु | | ९६४४९४७ | ८५९९२७३ | ८५९९२७३ |
| धरौटी | | ० | ५३९६३७१ | ५३९६३७१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -६७३५७२३० | ८९३७०४३ | ८९३७०४३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७१७००४९८.२ | ७१७००४९८.२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -६७३५७२३० | ८०६३७५४१ | ८०६३७५४१ |
| | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ८०६८७५४१ | ८०६८७५४१ |

## अन्तरसरकारी वित्तिय हस्तान्तरणतर्फ निकासा खर्च विवरण

| **आम्दानी शिर्षक** | **रकम रु** | **खर्च।निकासा** | **रकम रु** |
|---|---|---|---|
| स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५४५८३७९ | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५४५८३७९ |
| सामाजिक सुरक्षा तथा संरक्षण | ५७५९१३४५ | सामाजिक सुरक्षा तथा संरक्षण | ५७५९१३४५ |
| गरिवसँग विश्वेश्वर कार्यक्रम | ५४६००० | गरिवसँग विश्वेश्वर कार्यक्रम | ५४६००० |
| सामाजिक विकास मन्त्रालय | ३८५४८९ | सामाजिक विकास मन्त्रालय | ३८५४८९ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३००० | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३००० |
| शिक्षा विकास निर्देशनालय | १०००००० | शिक्षा विकास निर्देशनालय | १०००००० |
| | ६५०२४२१३ | | ६५०२४२१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तिय विवरणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरुप)म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· यस स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।जसको कारण पालिकाको वास्तविक विवरण र सुत्रवाट प्राप्त वित्तिय विवरण फरक रहेको देखिन्छ।<br>· पालिकाको सुत्रको वित्तिय प्रतिवेदनको वैक तथा नगद मौज्दातमा रु.८०६८७५४१।३२ देखिएकोमा पालिकाले पेश गरेको एकिकृत वित्तिय विवरणमा वास्तविक मौज्दात रु.७५१४१६४३।२८ देखिन्छ। पालिकाले श्रेस्ता तथा वैक मौज्दातमा फरक परेको रकम सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार गरी फरक पर्नुको कारण एकिन गर्नुपर्ने देखिन्छ।<br>· पालिकाको सुत्रको वित्तिय प्रतिवेदनमा गत वर्षको जिम्मेवारी रु७१७००४९८।२० सारेको देखिएकोमा पालिकाले पेश गरेको एकिकृत वित्तिय विवरणमा रु.६७८५७२३०।०० जिम्मेवारी सारेको देखिन्छ। फरक जिम्मेवारीका सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ<br>· स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदनमादेहायअनुसार भएकोले यसको विवरण सहि छ भनि एकिन गर्न सकिने अवस्था छैन ।<br>· पालिकाले सञ्चालन गरेका विभिन्न वैक खाताहरुको वैक हिसाव मिलान विवरण तयार नगरेको कारण वास्तविक वैक मौज्दात एकिन गर्न सकिएन।<br>· वित्तिय विवरण र श्रेष्ताको विवरण अनुसार गत वर्षको जिम्मेवारी, धरौटी जिम्मेवारी, यस वर्षको मौज्दात, आन्तरिक आय आदिमा फरक परेको देखिएको छ । यसरी फरक परेकोमा हिसाव मिलान गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक नियन्त्रणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेकोछैन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>· निजामती सेवा ऐन, 2049 को दफा ५ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>· सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, | |
| ६ | | | **वैक हिसाव मिलान विवरण तयार नगरेकोः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **क्षेत्रगत वजेट र खर्चः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | वजेट मध्ये खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २३७५१३६७ | १४६८८७२३ | ६१.८४ |
| सामाजिक विकास | १७४२१३०१० | १४५७९५५९९ | ८३.६९ |
| पूर्वाधार विकास | १६२६६५१०२ | ९९३०२९४७ | ४९.५ |
| वातावरण तथा विपद् व्यवस्थापन | १४००००० | ८०२२१४ | ५७.४ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३७००००० | २९६८३०४ | ८०.१६ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८५८८९२६८ | ६५९७७००२ | ७६.८१ |
| जम्मा | ४५०२१८७४७ | ३२८७३२५७५ | ७३.०१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>चौमासिक खर्चको स्थितीः<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुपतेश्रो चौमासीक तथा आषाढमा वढी रकम खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ
<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th></tr>
<tr><td>पूँजीगत खर्च</td><td>१२६८००</td><td>१९७५५</td><td>१६३१५</td><td>९०७३०</td><td>६८३९९</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>१५.५७</td><td>१२.८६</td><td>७१.५७</td><td>५३.९४</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः<br>पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना छनौट तथा कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष वजेट छुट्याएका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ३५ | १७४८५०० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २१२ | २९४९०००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १७ | १५९०००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मा योजना | २० | ३७२७९५०७ |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ५ | ९८१७४५१५ |
| | जम्मा | २८९ | ३२५६९२५२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **न्यायिक समितीः**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष १०मुद्दा दर्ता भएकोमा ५वटा मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ५७७, मृत्यु दर्ता २१५वटा, नाता प्रमाणित २८४वटा, घरवाटो शिफारिश १८१वटा, नागरीकता शिफारिश ७३८वटा र अन्य ५२१वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| १३ | | | **कर्मचारी प्रोत्साहन भत्ताः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष११ जना कर्मचारीलाइ वार्षिक रु ६०१०००। भुक्तानी दिएको देखियो । प्रोत्साहन भत्तामाखर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। | |
| १४ | | | **करार कर्मचारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धिआदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ।पालिकाले यस वर्ष २१ जना कर्मचारी करारमा राखि मासिक रु.५५६४०८। का दरले रु६६७६८९६।०० खर्च लेखेको छ । करार कर्मचारीहरुमध्ये ३ जना सव इन्जिनियर १ जना कम्प्युटर अपरेटर र ३ जना नायव प्राविधिक साहयकपदमा करारमा नियुक्तिगरी खर्च लेखेको छ।कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि कर्मचारीको स्थायी पदपुर्ती गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **स्विकृत दरवन्दी वेगर करार सेवाः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धिआदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। पालिकाले दरवन्दी वेगर पालिकामा खेलकुद प्रशिक्षक नियुक्ति गरी २०७७ फागुन १४ देखि मासिक २६०००।०० का दरले २०७८ असार ३१ सम्मको तलव वापत रु११७८६६।०० भुक्तानी दिएको देखिन्छ।यसरी स्विकृत दरवन्दी वेगर खेलकुद साहायक प्रशिक्षक नियुक्ति गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु... | ११७,८६६ |
| १६ | | | **अनुगमन तथा भ्रमण खर्चः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ भने नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.१३ लाख ७० हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| १७ | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्षविविध शिर्षकवाट ३९ लाख ८५ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानाकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **शिर्षक फरक पारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले पौषको गाउँसभामार्फत रकमान्तर गरी तपसिल वमोजिमको रु.२०१६१७४।०० रकम शिर्षक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शिर्षक फरक परेको अनियमित देखिएको रु.... | २,०१६,१७४ |

| भौ नं | कायम खर्च शिर्षक | खर्च गरेको शिर्षकको।कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|---|
| १७७ | मा वि तहका शिक्षकलाई आइसिटी तालिम | राष्ट्रपती रनिङ शिल्डको विविध खर्च भुक्तानी | ११५८८० |
| १८७ | साहायक प्रशिक्षक नियुक्ति | अध्यक्ष कप खेलकुद प्रतियोगिता | ७२२२४ |
| २०८ | नर्सरीदेखि कक्षा ८ परिक्षा व्यवस्थापन | शिक्षण सिकाई अनुदान | १४२८३२ |
| २३४ | पारिश्रमिक कर्मचारी | करार सेवा शुल्क | ५५६४०८ |
| २८६ | अनुगमन मुल्यांकन | कर्मचारी वैठक भत्ता | ७०००० |
| ३८२ | कृषिजन्य मेसिन ५० प्रतिशत अनुदान | औधोगिक ग्राम आइइ तथा डि पि आर | ७००००० |
| ३८२ | घिरिङ गाउँपालिका अस्पताल | औधोगिक ग्राम आइइ तथा डि पि आर | ३५८८३० |
| | जम्मा | | २०१६१७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **वढी भुक्तानीः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा खर्चलाई प्रमाणित गर्ने विल भरपाई संलग्न गरी खर्च लेख्नुपर्नेमा पालिकाले भौ नं ९८ र ११८ वाट घिरिङ निर्माण सेवालाई रु.१८३४१९।०० भुक्तानी गरेकोमा उक्त निर्माण सेवाले विपद्को सयममा काम गरेको भनी पेश गरेको विल रकम रु१६३२३७।०० मात्र रहेकोले विल रकमभन्दा वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु. | २०,१८२ |
| २० | | | **कर विजक हातले लेखि भुक्तानीः** मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ अनुसार कुनै वस्तु वा सेवा आपुर्ति गर्दा तोकिएको ढाँचामा सिलसिलेवार नम्वर राखी कर विजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ।उपभोक्ता समितिले पेश गरेको विल भर्पाइमा देहायका फर्महरुको मुल्य अभिवृद्धि कर विजक पेश भएकोमा कर विजक नम्वर हातले लेखेको ,विजकमा विजक नम्वर नै उल्लेख नभएको विल समावेस भएको देखिएकोले आन्तरिक राजस्व कार्यालयवाट मुल्य अभिवृद्ध कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा भुक्तानी भएको मुल्य अभिवृद्ध कर रकम असुल गर्नुपर्ने रु | १८,७७९ |

| गो भौ नं मिती | फर्मको नाम | मु.अ.कर रकम | विजक रकम | विजक नम्वर | कैफियत |
|---|---|---|---|---|---|
| ११८, ९८ | घिरिङ निर्माण सेवा | ८०९९ | ७०३९९ | ४ | विजक नं हातले लेखेको |
| | | ४८५९ | ४२२३९ | ५ | विजक नं हातले लेखेको |
| | | ५८२१ | ५०५९९ | ६ | विजक नं हातले लेखेको |
| | जम्मा | १८७७९ | १६३२३७ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **मुल्य अभिवृद्धी कर कट्टी नगरी भुक्तानी**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्र्तगत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भाइब्रेसन मिडिया प्रा.लि लाई विल रकम रु २४८६०० \|मा १३ प्रतिशत मु.अ.कर थप गरी भुक्तानी गर्दा मु.अ.कर भुक्तानीको ५० प्रतिशतले हुने रु १४३००\| कट्टी नगरी मु.अ.कर रकम पुरै भुक्तानी दिएकोले मु अ कर समायोजनको प्रमाणपत्र पेश गर्नुपर्ने रु... | २८,६०० |
| २२ | | | **खर्चका विल भरपाई नभएकोः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले भौचर नं २५८।०७८।०३।२४ वाट विपदद् व्यवस्थापनको लागी वुट, गैची, पलाष्टिक, हेल्मेट पाल वेल्चा लगायतका सामाग्री खरिद गरी वर्चना एण्ड संरचना ट्रेर्डसलाई भुक्तानी दिई रु.९३७४८।०० खर्च लेखि भुक्तानी गरिएकोमा उक्त सामाग्री कहाँ प्रयोग भएको सो को विवरण पेश नभएको तथा पालिकामा पनी नभएकोले खर्च पुष्टी गर्ने कागजात पेश गर्नुपर्ने रु.... | ९३,७४८ |
| २३ | | | **खेलकुद कार्यक्रमः**<br>कार्यालयले खर्च गर्दा मितव्ययी हुने किसिमले गर्नुपर्दछ।कार्यालयले यस आव मा भौ नं १८७ वाट अध्यक्ष कप खेलकुद कार्यक्रममा रु.८२२२२४।०० खर्च लेखेको देखिन्छ। कार्यालयले खेलकुद सामाग्री खरिद, पुरस्कार, रेफ्रि, छपाई, प्रचार प्रसार, स्वंयमसेवक, यातयात, तथा खाना लगायतका शिर्षकमा खर्च लेखि भुक्तानी गरेको छ। कार्यक्रममा खरिद गरिएको विभिन्न सामाग्रीहरु तथा कपडाहरुको जिन्सी दाखिला र वितरणको भरपाई नभएको तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन।खेलकुद कार्यक्रममा ठुलो रकम खर्च भएकोमा सामग्री खरिद, खाजा खाना आदिमा खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन।यसमा सुधार गर्नुपर्ने देखिन्छ। | |
| २४ | | | **आर्थिक साहयताः**<br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु.२४३४५०२।०० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ= व= मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्। | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| १२ | वलसिङ थापा | ५०००० |
| १२ | धनमती सार्की | १०००० |
| १३ | विभिन्न १२ जनालाई आर्थिक सहयोग | ४००००० |
| १५ | नेपाल रेडक्रस सोसाइटी | ५००० |
| ४७ | विभिन्न ५२ जनालाई आर्थिक सहयोग | ६७०२५१ |
| १०४ | सुनपानी आमा समुह भवन निर्माण सहयोग | ५०००० |
| १२७ | विभिन्न व्यक्ति तथा सस्थालाई सहयोग | १७०००० |
| १५० | ५२ जनालाई साहयता | ६५६२५१ |
| १८५ | १६ जनालाई आर्थिक सहयोग | १७८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | २११ | लालसिंहं राना | २०००० | |
| | | | २२७ | विभिन्न ८ जनालाई सहयोग | ९५००० | |
| | | | २३३ | विभिन्न ५ जनालाई आर्थिक सहयोग | ९०००० | |
| | | | २८२ | सस्कृती संरक्षण वाजा खरिद गर्न सहयोग | ४०००० | |
| | | | | जम्मा | २४३४५०२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **विद्यालयको शौक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**<br>विद्यायलमा शौक्षिक गुणास्तर सुदृढीकरण एवंम कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने।उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा लाइब्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागि ICT ल्याब को लागि खर्च गर्ने सकिने। विद्यालयले उक्त सामाग्रि खरिद गर्दा नमुना माध्यामिक विद्यालय व्यवस्थापन निर्देशिका,२०७४ को सम्बन्धित खण्ड र अनुसुचीमा भएको आधार र स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्ने ।अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वियन गरे नगरेको नियमितरुपमा अनुगमन गर्ने व्यवस्था विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१३ मा उल्लेख छ।यस पालिकाले देहाय बमोजिमका विद्यालयलाई उक्त अनुदान रकम निकासा गरेकोमा खरिद प्रक्रियाको पालना गरेको नदेखिएको र शैक्षिक सामाग्रि विद्यालयको जिन्सि खातामा दाखिला गरेको प्रमाण पेश नभएकोले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्य गरेनगरेको पालिकाले अनुगमन मुल्यांकन गर्नुपर्ने देखिन्छ। | |

| भौ नं | विद्यालयको नाम | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १२२ | चन्द्रज्योति मा वि | पुस्तकालय | ६५०००० |
| ११८ | कृष्ण मा वि | पुस्तकालय | ६५०००० |
| ११७ | महेद्रज्योति मा वि | विज्ञान प्रयोगशाला | ६५०००० |
| ११२ | दिपक मा वि | विज्ञान प्रयोगशाला | ६५०००० |
| १०८ | कृष्ण मा वि | विज्ञान प्रयोशाला | ६५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **कोभिड १९ सिकाई सहजिकरण अनुदान अन्तर्गत ईन्टरनेट जडानः**<br>कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजिकरणका लागी शैक्षिक कार्यक्रम अन्तर्गत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु १२ हजार उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ।पालिकाले भौ नं ८५।२०७८।०३।०७ बाट बाट ३० वटा विद्यालयाई रु ३६००००। अनुदान उपलव्ध गराएकोमा उक्त विद्यालयहरुले सोहि कामका लागि खर्च गरे नगरेको पालिकाले अनुगमन गरेको छैन। पालिकाले अनुदान गएको विद्यालयको ईन्टरनेट जडान गरे नगरेको एकिन गरि प्रमाण पेश गर्नुपर्ने अन्यथा जडान नभएको विद्यालयको अनुदान निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नु पर्ने रु | ३६०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>छात्रवृति बढी निकासाः<br>आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नु पर्ने उल्लेख छ।यस कार्यालयले निम्न विद्यालयलाईभौ नं ८०।२०७८।०३।०३ वाट आ.व ०७७।७८ को भुक्तानी दिएकोमा देहायको विद्यालयलाई बढी छात्रवृति निकासा दिएको देखियो । तसर्थ बढी निकासा दिएको रकम असुल गरि सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने रु
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>वितरण रकम</th><th>बढी रकम</th></tr>
<tr><td>१</td><td>सरस्वति मा वि</td><td>५७४००</td><td>४६८००</td><td>१०६००</td></tr>
<tr><td>२</td><td>कामधेनु मा वि</td><td>८७६००</td><td>७७८००</td><td>९८००</td></tr>
<tr><td>३</td><td>महेन्द्र मा वि</td><td>५७०००</td><td>५४२००</td><td>२८००</td></tr>
<tr><td>४</td><td>चन्द्र ज्योति मा वि</td><td>८६२००</td><td>८४६००</td><td>१६००</td></tr>
<tr><td>५</td><td>दिपक मा वि</td><td>३३६००</td><td>२३६००</td><td>१००००</td></tr>
<tr><td>६</td><td>गुदिभञ्ज्याङ्ग प्रा वि</td><td>९२००</td><td>६८००</td><td>२४००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३७२००</td></tr>
</table></td><td>३७,२००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>स्यानीटरी प्याड खरिद तथा व्यवस्थापनः</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>५५।२०७८।०१।१० मा पालिकाले यस बर्ष क्रिष्ट इनोभेसन टेक्नोलोजी प्रा लि बाट ७०३७ थान स्यानिटरी प्याड खरिद गरि रु ४९६९८८। खर्च लेखेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.२ | | | **लागत अनुमान वेगर खर्चः** सार्वजनिक निकायले माल सामानको लागत अनुमान तयार गर्दा चालु आ.वा, अघिल्लो बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दर, अन्य बजारको प्रचलित दरभाउ, मालसामानको आपुर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानीत ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट जस्ता पक्षलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियमा ११ मा उल्लेख छ। कार्यालयको यस बर्ष ७०३७ थान स्यानीटरी प्याड खरिद कायको लागि उपरोक्त व्यवस्था बमोजिको लागत अनुमान तयार नगरी ३ वटा विक्रेता फर्मको दर को तुलना गरी खरिद कार्य गरेको छ। लागत अनुमान वेगर बिक्रेता फर्मको दर लाई मात्र आधार लिई खरिद कार्य गरेको कारण कार्यालयको खरिद कार्य प्रतिस्पर्धात्मक मितव्ययी भयो भन्न सक्ने अवस्था देखिएन। खरिद कानुनमा भएको व्यवस्था अनुसार लागत अनुमान बनाई प्रतिस्पर्धा लाई सुनिश्चीत गरी खरिद कार्य गरिनु पर्दछ। | |
| २८.३ | | | **सेनिटरि प्याड डिस्पोजल मेसिन खरिदः** शैक्षिक कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.२३मा सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरि प्याड ब्यवस्थापनका लागि प्रति विद्यार्थि अनुदान उपलब्ध गराउने व्यवस्था छ । सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्म अध्यायनरत सबै छात्राहरुका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्पनका लागि सेनिटरि प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को परिच्छेद ४(९) मा सेनिटरी प्याडको विर्सजन गर्दा विद्यालयको हाताभित्र खाल्डो खनि पुर्ने वा अन्य फोहोरमैला सरह विर्सर्जन गर्ने उल्लेख छ। पालिकाले पालिकाले भौ नं १२५।२०७८।०३।२४सेनिटरी प्याड खरिद शिर्षक बाट सेनिटरि प्याड डिस्पोजल मेसिन खरिद गरेको क्रिष्टि इनोभेसन टेक्नोलोजी प्रा लि लाई ८ वटा मेसिन खरिद गरि रु ४९९९१२। खर्च लेखेको छ। कार्यालयले सेनिटरि प्याड डिस्पोजल मेसिन ८ वटा खरिद गरि विद्यालयलाई वितरण गरेको भरपाई पेश गरेको भएतापनि लागत अनुमान र स्पेसिफिकेसन वेगर खरिद गर्दा डिस्पोजल मेसिनको गुणस्तर तथा दिगो उपयोग हुनसक्ने विश्वासनिय देखिदैन। कार्यालयले उक्त मेसिन खरिद गर्दा औचित्यता र दिगो उपयोग गर्ने सकिने तर्फ ध्यान दिनुपर्दछ। | |
| २९ | | | **कोभिड कोष तर्फः**<br>आयव्या तर्फः कोभिड १९ तर्फः आ व २०७७।७८ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको भनि पेश गरेको छः | १७९,३५० |

| आम्दानीको स्रोत | २०७८ असार मसान्त सम्म प्राप्त रकम | खर्च शिर्षक | २०७८ असार मसान्त सम्मको खर्च |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | १४७४०७५ | राहात वितरण | ८५९९२७२ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| प्रदेश सञ्चित कोषबाट | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर | |
| | | निर्माण व्यवस्थापन | |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | २९२९००० | आईशोलेसन केन्द्र | |
| | | निर्माण व्यवस्थापन | |
| संघीय कोभिड कोषबाट | ० | जनशक्ति परिचालन | |
| स्थानिय पुर्वाधार विकास कोष बाट | २१४१२४ | औषधि एवं स्वास्थ्य उपकरण तथा | |
| | | सामग्री खरिद | |
| अन्य स्रोतबाट प्राप्त | ५३०७२१।९९ | स्वास्थ्य पूर्वाधार निर्माण | |
| गत आ व अल्या | ४४९७०२६।९० | बाँकि | १०४५६७४ |
| जम्मा | ९६४४९४७ | जम्मा | ९६४४९४७ |

यस सम्बन्धमा देखिएको व्यहोरा निम्नअनुसार छनः

· गाउँपालिका अन्तर्गत स्थापना भएका क्वारिन्टिन तथा संक्रमितहरुलाई अस्पताल सम्म पुर्याउने तथा स्वाव परिक्षणको लागि मासिक रु १६६६६७।दरले ढुवानीको लागि सम्झौता गरि भौ नं २,६,११,२२, २५,३६,४०,४५ बाट १२९४१२१।एम्बुलेन्स भाडामा सञ्चालन बापत खर्च लेखेको छ।

· **क्वारेन्टिन मा खाना खर्चको भएको भुक्तानीःयस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन ।**

· पालिकाले विभिन्न भौचर बाट खाजा खानाको लागि भुक्तानी रु १७७०८०४ भुक्तानी गरेको छ। भुक्तानी गर्दा

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क्वारेन्टीनमा प्रत्येक क्वारेन्टिन सञ्चाचालन गर्ने २ देखि ३ जना भान्सेको रुपमा राखि दैनिक ज्यालादारिको हिसाबले रु ८५० को दरले करार सम्झौता गरेको छ। ज्यालदारिमा राख्दा जिल्ला दर रेट भन्दा बढी दरले भुक्तानी दिएको छ। भुक्तानी दिदा स्वास्थ्य प्रमुख हरुलाई सामाग्रि खरिद तथा भान्सेको तलब एकमुष्ठ रकम भुक्तानि दिएको छ । भने भान्सेको लागि खर्च लेखेको रकम सम्बन्धित व्यक्तिले बुझेको भरपाई पेश गरेको छैन । जसले गर्दा बढी दररेटमा भुक्तानी गरेको रकम एकीन गर्ने नसकिएकोले बुझैको भरपाई पेश गर्नुपर्ने ।<br><br>· यसरि क्वारेन्टिमा बसेको व्यक्तिहरुको विवरण उपलब्ध नभएको कारण खाना खाजा बापत भएको भुक्तानि यथार्थ हो होइन एकिन गर्न नसकिएकोले कार्यालयले प्रत्येक क्वारेन्टीनमा बसेको व्यक्तिहरुको विवरण अद्यावधिक राख्नुपर्दछ।<br><br>· भौ नं ९ बाट रु ५१८९५८।कृष्ण रिमाललाई भुक्तानी दिएकोमा क्वारेन्टिनाम खटीएको भान्से हरुलाई कतिको रकमले भुक्तानी भएको हो सोको भरपाई नभएको र क्वारेन्टीनाम बसेको व्यक्तिहरुको विवरण उपलब्ध हुनु सकेको छैन।<br><br>· भौ नं २७ बाट २०७७ मंसिर १ देखि २०७७ पौष १३ सम्म क्वारेन्टिन सञ्चालनमा रहेको भनि त्रिलोक कुमार आले लाई खाजा खाना बापत रु ३५९४००।भुक्तानि गरेकोमा क्वारेन्टिनमा बसेको व्यक्तिहरको विवरण नभएको र ३ जना को रु ८५० को दरले रु १७९३५०।त्रिलोक कुमार आलेको नाममा खर्च लेखेकोमा सम्बन्धित व्यक्तिहरुले बुझेको भरपाई नभएको। पेश गर्नुपर्ने रु १७९३५०<br><br>· खाना बनाउनको लागि विभिन्न क्वारेन्टिनमा भान्से राखि ज्यलादारिमा भुक्तानी गरेको छ।सञ्चालनमा रहेको क्वारेन्टिन र सञ्चालन खर्च<br><br>· पालिकाले माघ सम्म क्यारेन्टीन सञ्चालनमा रहेको भनि क्यारेन्टिनमा खाजा खाना उपलब्ध गराएको भनि भौ नं ४८ बाट रु १५०६३२। खर्च लेखेकोमा क्वारेन्टिनमा बसेको व्यक्तिहरुको विवरण उपलब्ध नगराएको कारण खर्च एकिन गर्ने नसकेकोले पालिकाले खर्च गर्दा औचित्यता तथा मितव्ययि तरिकाले खर्च गर्नुपर्दछ।<br><br>· पालिकाले सामाग्रि खरिद तर्फ देहायको भौ नं बाट पटक पटक रुपमा सोझै खरिद गरि रु २६८४२९९।खर्च गरेको छ। | |

| भौ नं | व्यहोरा | रकम |
|---|---|---|
| ५ | फलामे वेड खरिद (अम्बिका मेटल उद्योग) | १११२६४ |
| ६ | फलामे वेड खरिद (अम्बिका मेटल उद्योग) | २२४८४४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | इलेक्टोनिक सामाग्री(छहारी विजुलि पसल) | ४११०७ | | |
| | | | | ८ | विभिन्न समाग्रि(रिमाल ब्रदर्श) | ३२७७२ | | |
| | | | | १३ | विभिन्न सामाग्रि खरिद (ग्लोरिया फर्मास्युटिकल प्रालि) | ५३३२७० | | |
| | | | | २६ | क्वारेन्टिमा सामाग्रि खरिद (शिव सुन्दर फेन्सि स्टोर) | ७८०५७ | | |
| | | | | २९ | क्वारेन्टीन सामाग्रि खरिद (विन्डोर इन्टरप्राइजेज) | ३३२३५३ | | |
| | | | | ४२ | हाडवेयर सामाग्रि खरिद(हार्डवयर एण्ड सप्लायर्स) | ९४३५० | | |
| | | | | ३३ | स्वास्थ्य सामाग्रि खरिद (सुमेरु ट्रेड कर्नसन) | ३५९६२२ | | |
| | | | | ४१ | सर्जिकल समाग्रि खरिद (सुपर मेडिसिन ट्रेडिङ्ग कन्सर्न) | ५१३५७५ | | |
| | | | | ४२ | स्वास्थ्य सामाग्रि | ६४६३६ | | |
| | | | | ४६ | सर्जिकल सामाग्री खरिद (एन्जल सर्जिकल सप्लायर्स) | २९८४४९ | | |
| | | | | | | २६८४२९९ | | |

· जि पि कोइराला श्वास प्रश्वास केन्द्रमा आइसोलेसन स्थापना गर्न शुक्लागण्डकी नगरपालिका लाई अनुदान रु ६४५८८६।

**क्वारेन्टिन निर्माण खर्चः** पालिकाले गजरकोट स्वास्थ्य चौकि, मदन आश्रीत प्रा वि,चन्द्रज्योति मा वि र सरस्वति मा वि गरि ४ वटा क्वारेन्टीन स्थापना गरेको छ। उक्त क्वारेन्टीन निर्माण गर्न खर्च रु भौ नं १८, ३०,३३ बाट रु १७७०८०४। खर्च भएको छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **अस्थायी कोभिड अस्पतालको खर्चः** कोभिड अस्पतालमा १ जना डक्टर र २ जना नर्सको दरबन्दि रहेकोमा २ जना स्टाफ नर्स पदपुर्ति गरी खर्च लेखेको छ। कर्मचारिको तलब भत्ता बापत भौ नं २७ बाट रु १३०८७५ खर्च भएको छ। भौ नं ३७ बाट कोभिड कर्मचारिको माघ र फागुन महिनाको तलब रु ९९२९०। भने अस्थायी कोभिड अस्पतालको सामाग्रि खरिदको लागि रु ४९९१०७। खर्च गरेको छ । पालिकालाई कर्मचारीको लागि रु ४५००००।र स्वास्थय सामाग्री खरिदको लागि रु १०००००।को सामान खरिदको लागि बजेट विनियोजन गरेकोमा पालिकाले सामाग्रि खरिद को लागि खर्च गर्नु अनियमित देखिएको रु ४९९१०७<br><br>**जोखिम भत्ताः** कोरोना भाइरस (कोभिड १९) को संक्रमण उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन मापदण्ड २०७७ अनुसार जोखिम भत्ता वितरण गर्न दफा ३ बमोजिमको कार्य गर्नका लागि खटिएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिर हुनुपर्ने उल्लेख छ।स्वास्थयकर्मि तथा कर्मचारिहरुलाई ३५ जनालाई २५ प्रतिशतको दरले २ महिनाको जोखिम भत्ता भुक्तानी गरेको छ जोखिम भत्ता रु ५५९२९१। खर्च लेखेकोमा खटिएको स्थानको कार्यविवरण राखेको छैन। कार्यालयले स्वास्थ्यकर्मि तथा कर्मचारिलाई जोखिम क्षेत्रमा खटिएको आधारमा जोखिम भत्ता उपलब्ध गराउनु पर्दछ।<br><br>वार्षिक प्रतिवेदन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ को विपद् जोखिम न्यूनीकरण तथा प्रकोप व्यवस्थापन कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **पेश्की बाँकि**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्र्यट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार पेश्की हालसम्म फछ्र्यौट नगरेकोले उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ। | |
| ३१ | | | **आन्तरिक आय तर्फ देखिएको ब्यहोराहरु** | |

| भौ नं | पेश्की लिने फर्मको नाम | रकम |
|---|---|---|
| २ | डि एन डि मोबाईल जे भि | ३३००००० |
| १७६ | ब्रदर्श क्न्ट्रयाटिङ्ग एण्ड कन्स्टक्सन कम्पनी प्रा लि | २७००००० |
| २०७ | साउद एसियन निर जे भि | २५४०००० |
| २०१ | अग्री इन्कपोरिटेड प्रा लि | १०७९७६५ |
| | जम्मा | ९६१९७६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.१ | | | **प्राकृतिक श्रोतको परिचालनः** ढुंगा गिटी बालुवा उत्खनन् र संकलन कार्यको प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवेदन अनुसार निम्न नदी घाटबाट निम्न परिमाणमा उत्खनन् एवं संकलन गर्ने उल्लेख छ । | |

| | | | |
|---|---|---|---|
| तिमिल्सिना घाट | ६६३३ | २४७ | १६३८३५१ |
| फुलबारी घाट | ५६८९ | २४७ | १४०५१८३ |
| खैरेनीघाट | २९४० | २४७ | ७२६१८० |
| वालीघाट | २०२५ | २४७ | ५००१७५ |
| बटौलीघाट | ३७८० | २४७ | ९३३६६० |
| बालुवाघाट माथिल्लो खण्ड | ४४९६ | २४७ | १११०५१२ |
| जम्मा | २५५६३ | १४८२ | ३७८८४३६६ |

प्रथम पटक मिति २०७७।७।६ र दोस्रो पटक मिति २०७७।८।२० र तेस्रो पटक मिति २०७७।९।२२ गते गरी तीन पटक सुचना प्रकाशन गर्दा पनि माथी उल्लिखित घाटको ठेक्का नलागेको देखिन्छ । साथै कार्यालयले आफ्नै जनशक्ति मार्फत सकलन गर्ने प्रयत्न गरेको देखिदैन । यस सम्बन्धमा पालिका राजश्व परामर्श समितिको पनि भुमिका प्रभावकारी रहेको देखिदैन ।ठेक्का अंक परिमार्जन गरी पुनः ठेक्का ब्यवस्थापन कार्य नगरेको र बैकल्पिक उपाय मार्फत सकलन गर्ने प्रयत्न नगरेको कारण रु ३७८८४३६६। गाउपालिकामा प्राप्त हुने आय न्युन भएको देखिन्छ । कार्यलयको भनाई अनुसार तीन पटक ठेक्का सुचना निकाल्दा पनि ठेक्का नलागेको साथै कार्यालयमा जनशक्तिको पनि कमि रहेकेले गर्दा राजश्व संकलन नभएको भनाई रहेको छ ।कार्यालयले यस सम्बन्धमा आवश्यक ध्यान जानुपर्ने देखिन्छ ।


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.२ | | | **राजश्व जम्माः** यस कार्यालयले आन्तिरिक नियन्त्रणको लागि मलेप फा.नं. ९०४(साविकफारम नं ११८) अनुसारको १७ कोलम खाता राख्नु पर्ने व्यवस्था छ ।आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१)मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैक दाखिला गर्नुपर्नेछ ।रसिद नियन्त्रण खाता मलेप फारम नं ९०४ अनुसार राखेको देखिदैन ।रसिद नियन्त्रण खाता राखी नगदी रसिदको आम्दानी खर्च यथार्थपरक ढंगबाट लेखा राखिनुपर्दछ । नगदी रसिदबाट उठेको राजश्व बैक दाखिला भोली पल्ट नै गरेको देखिदैन । कानुनमा भएको ब्यवस्थाको पालना गरी उल्लिखित विषयमा सुधार हुनुपर्दछ । | |
| ३१.३ | | | **मापदण्डको पालनाः** स्थानीय उत्पादन शुल्क असुलको लागि छनौटको मापदण्डमा कवोल अंक बैक भौचर, फर्म दर्ता, पान दर्ता र कर चुक्ताको आधार बनाएको देखिन्छ । तीन फर्महरु मध्ये कालीगण्डकी कंक्रिटले कबोल अंक रु ३१००००। तर बैक भौचर नभएको विनु कन्ट्रक्सन प्रा लि ले कबोल अंक रु ३०७०००। तर कर चुक्ता नभएको र रुद्र मधु कन्टक्सनले कबोल अंक रु ३०६०००।र सवै तोकिएको मापदण्ड पुरा गरेको देखिन्छ ।तर कार्यालयले स्थानीय उत्पादन शुल्क ठेक्का कर चुक्ता नभएको विनु कन्ट्रक्सन प्रा लि सँग सझौता गरी रु ३०७०००। असुल गरेको देखिन्छ ।आफैले वनाएको मापदण्डको पालना नभएको देखिन्छ ।प्रचलित कानुनलाई मध्यनजर गरी कार्यालयले कामकार्वाही अगाडी बढाउनु पर्दछ । | |
| ३१.४ | | | **राजश्व छुटः** घिरिङ्ग गाँउपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धि कार्यबिधी कार्यविधी २०७६ दफा ६(२) मा ठेकेदारले संझौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी कम्तीमा ५ देखि बढीमा १० प्रतिशत सम्म कार्यपालिकाबाट निर्णय गराई छुट दिन सकिनेछ।यस्तो छुटको प्रतिशत बोलपत्र वा बडाबडको सुचनामा उल्लेख भएको हुनुपर्ने ब्यवस्था छ । यस पालिकाले ढुंगा, गिटी, वालुवा उत्खनन् तथा संकलन ठेक्का सुचनामा छुटको प्रतिशत बोलपत्र वा बडाबडको सुचनामा उल्लेख भएको देखिदैन । पाँच ठेक्का कवोल अंकको रु.६७६४०११। को १० प्रतिशतले हुन आउने रु. ६७६४०१। छुट दिएको देखिन्छ । यसरी कार्यविधीको ब्यवस्था विपरित छुट दिएको नियम सम्मत देखिदैन । मौजुदा कानुनको परिपालना गरी छुट दिनु पर्दछ । | ६७६,४०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **भत्ता नपाउनेलाई भत्ता भुक्तानीः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा ९(२) अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति वा मनोनित भई वहाल रहेको व्यक्ति, नेपाल सरकार स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तहको आंशिक वा पुर्ण स्वामित्वमा रहेको संगठित सस्थावाट नियमित रुपमा पारिश्रमिक वा निवृतीभरण, अवकास सुविधा वा अन्य सुविधा पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था भएकोमा पालिकाको वडा नं ५ सभा सदस्य नरमाया वि क ले मासिक रुपमा सुविधा लिइरहेकोमा सामाजिक सुरक्षा भत्ता समेत लिएको देखिएकोले दोहोरो भुक्तानी भएको तिन चौमासिकको रु.१२०००।०० का दरले जम्मा रु.३६०००।० असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु..<br>साथै गत विगत आर्थिक वर्षको सम्वन्धमा समेत छानविन गरी दोहोरो भुक्तानी भएको कमका सम्वन्धमा एकिन गर्नुपर्ने देखिन्छ। | ३६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **मृत्यु पश्तात भत्ता भुक्तानीः** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई मृत्यू भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चौमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तीको मृत्यूपश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु... | ६५,९०० |

| सि नं | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा नं | मृत्यू मिति | वढी वुझेको रकम | वढी वुझेको चौमासिक |
|---|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | गजकेशर थापा | ३ | २०७७।०७।२२ | १२००० | प्रथम र दोस्रो |
| २ | ज्येष्ठ नागरिक | नरवहादुर कामि | ३ | २०७७।१२।२५ | ९००० | तेस्रो |
| ३ | ज्येष्ठ नागरिक | मान व श्रेष्ठ | ३ | २०७७।१२।२५ | ९००० | तेस्रो |
| ४ | ज्येष्ठ नागरिक | सेती श्रेष्ठ | ३ | २०७८।०१।०८ | ८२०० | तेस्रो |
| | ज्येष्ठ नागरिक | नरिमाया राना मगर | ४ | २०७७।१०।१३ | १६७०० | दोस्रो र तेस्रो |
| | ज्येष्ठ नागरिक | लिल व कुमाल | ४ | २०७७।१०।२३ | ३७०० | दोस्रो |
| | ज्येष्ठ नागरिक | मोतिराज रानाभाट | ४ | २०७८।०२।१३ | ४७०० | तेस्रो |
| | ज्येष्ठ नागरिक | मुक्तिलाल कुमाल | १ | २०७८।०३।०४ | २६०० | तेस्रो |
| | जम्मा | | | | ६५९०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>
वाँकि रकम फिर्ता नभएकोः<br>
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा २६ मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले कुमारी वैकमार्फत भत्ता वितरण गरेकोमा प्रथम द्धितिय र तृतिय चौमासिकमा देहायवमोजिम रकम वितरण गरी वाँकी रकम रु १८०४६४६।०० फिर्ता गर्नुपर्नेमा रु.१५४९६४६।०० मात्र फिर्ता गरेकोले वाँकी रकम संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>निकासा</th><th>निकास</th><th>वितरण</th><th>वाँकी</th></tr>
<tr><td>आ व २०७६।७७ को वाँकी</td><td></td><td></td><td>९२८००</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>१७१५२४२७</td><td>१७००५७७३</td><td>१४६६५४</td></tr>
<tr><td>दोस्रो चौमासिक</td><td>१९५९९५६०</td><td>१८८५५७६०</td><td>७४३८००</td></tr>
<tr><td>तेस्रो चौमासिक</td><td>२०८३९३५८</td><td>२००१७९६६</td><td>८२१३९२</td></tr>
<tr><td>जम्मा</td><td>५७५९१३४५</td><td>५५८७९४९९</td><td>१८०४६४६</td></tr>
<tr><td>फिर्ता गरिएको जम्मा रकम</td><td></td><td></td><td>१५४९६४६</td></tr>
<tr><td>वाँकी फिर्ता गर्नुपर्ने</td><td></td><td></td><td>२५५०००</td></tr>
</table>
</td><td>२५५,०००</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
कृषि अनुदानः<br>
सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १८४ | अदुवा लसुन खेती अनुदान | १४२५०० | | |
| | | | | २७० | व्यवसायिक लोकल कुखुरा पालन अनुदान | १००००० | | |
| | | | | २७१ | सुंगुर वंगुरको खोर सुधार कार्यक्रम | २७०००० | | |
| | | | | २७४ | पशु औषधी खरिद तथा वितरण | १००००० | | |
| | | | | २७५ | पशु खोर निर्माण तथा सुधार | ११४५००० | | |
| | | | | २८४ | अदुवा वेसार खेती अनुदान | १६०००० | | |
| | | | | २८७ | माछापोखरि निर्माण अनुदान | ४१५०० | | |
| | | | | २९२ | रासायनिक मल ढुवानी अनुदान ३ सहकारीलाई | १७०८६० | | |
| | | | | २९७ | पलाष्टिक टनेल तथा स्प्रे मेसिन अनुदान | २३९५५० | | |
| | | | | ३२, ७० | आलुको विउ ५० प्रतिशत अनुदान | १४१६५१० | | |
| | | | | ७३,१७० | स्प्रेयर ५० प्रतिशत अनुदान | २९९०० | | |
| | | | | | मिनि टिलर ५० प्रतिशत अनुदान | १६९१७५० | | |
| | | | | १७० | त्रिपाल ५० प्रतिशत अनुदान | ९६१८७ | | |
| | | | | १८७ | मकै छोडाउने मेशिन ५० प्रतिशत अनुदान | ५४००० | | |
| | | | | | खहरेखोला विर्ता खेत बाँध कुलो निर्माण ८५ प्रतिशत अनुदान | ५००००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २४३,२०० | खोर निर्माण सुधार ५० प्रतिशत अनुदान | १२२०००० | | |
| | | | | २३८ | नयाँखोर निर्माण ५० प्रतिशत अनुदान | ९१०००० | | |
| | | | | | जम्मा | | | |
| | | | यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।<br>(क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>(ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।<br>(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै वाख्राको खोर सुधार कार्यक्रम, कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन<br>(घ) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकावाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ। | | | | | |
| ३६ | | | **परामर्श सेवा खरिदः** | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.१ | | | पालिकाको कार्यालयले यस बर्ष तपिसलका डि.पि.आर कार्यका लागि विभिन्न परामर्श दातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ। | |

| भौ नं | कामको विवरण | परामर्श दाता | भुक्तानी रकम |
|---|---|---|---|
| ५८ | विभिन्न घाटहरुको प्रारम्भिक वातावरणीय परिक्षण | वन्दिपुर कन्सल्टेन्सी | ४९८८९५ |
| १४८ | विभिन्न कानुन निर्माण वापत | सिर्जना कन्सल्टेन्सी | ४८६४६५ |
| १६२ | गाउँपालिका तथा वडाको डिजिटल प्रोफाइल तयार | फोरजि इन्जिनियरिङ सोलुशन प्रा लि | १९९४४५० |
| ८२ | खैरेनिघाट डिपिआर | ग्लोवल एरा इन्जिनियरिङ कन्सल्टेन्सी | ३९५००० |
| डि पि आर | | | |
| ८३ | पशुपती मोटरमार्ग डि पि आर | म्यापर्स नेपाल प्रा लि | ४६१९९६ |
| ८४ | गाउँपालिकाको विभिन्न खानेपानी आयोजनाको डि पि आर | कालिका इन्जिनियरिङ कन्सल्टेन्सी | ९९८९२० |
| ११५ | गाउपालिका सिटी हल डिपिआर | सत्व कन्सल्ट प्रा लि | ४९६३२१ |
| ३८२ | गाउँपालिका औधोगिक ग्राम डि पि आर तथा प्रारम्भिक वातावरणिय परिक्षण | सम्वृद्धी इन्जिनियरिङ प्रा लि | १६००००० |
| | | जम्मा | ६९३२०४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.२ | | | **(क)परामर्श सेवाको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।<br>**(ख)वाह्य परामर्शदातावाट कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु ६९३२०४७।०० थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन।<br>(ग) **डीपीआर कार्यन्वयनः** पालिकाको कार्यलयले यस बर्ष योजनागत खर्च शिर्षकमा एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या अनुसार पुजीगत खर्च शिर्षकमा राखी वजेट विनियोजन गर्नुपर्नेमा चालुमा राखी कार्यक्रम तयार गरेको छ भने चालुमा राखेकोमा समेत कुन कार्यक्रम हो नखुलाइ एकमुष्ट रुपमा सेवा तथा परामर्श शिर्षकमा वजेट राखेको छ। परामर्श सेवाको लागि योजनागत रुपमानै बजेट पारित नगरी एकमुष्ट परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.३ | | | **सोझै खरिद कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका उपरोक्त योजनाको डि.पि.आर कार्यको लागि २० लाख भित्र पारी लागत अनुमान तयार गरी सोझै खरिद गरी रु ६९३२०४७।०० भुक्तानी दिएको छ। पालिका भित्रका योजनाको डि.पि.आर कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान तयार गर्दा माथि उल्लेखित आधार नलिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेकोले उक्त कार्यको लागि भएको भुक्तानी रकम नियमसंगत नभएको रु | ३,५५७,२३७ |

| | | | |
|---|---|---|---|
| ८३ | पशुपती मोटरमार्ग डि पि आर | म्यापर्स नेपाल प्रा लि | ४६१९९६ |
| ८४ | गाउँपालिकाको विभिन्न खानेपानी आयोजनाको डि पि आर | कालिका इन्जिनियरिङ कन्सल्टेन्सी | ९९८९२० |
| ११५ | गाउपालिका सिटी हल डिपिआर | सत्व कन्सल्ट प्रा लि | ४९६३२१ |
| ३८२ | गाउँपालिका औधोगिक ग्राम डि पि आर तथा प्रारम्भिक वातावरणिय परिक्षण | सम्वृद्धी इन्जिनियरिङ प्रा लि | १६००००० |
| | | जम्मा | ३५५७२३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **खरको छानो विस्थापन कार्यक्रमः** सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहको छ। पालिकाले यस वर्ष २०१ जनालाई प्रथम किस्तावापत रु.२००००।०० का दरले पालिकावाट रु.१९६५०००।०० र शर्शत अनुदानवाट रु.२०५५०००।०० गरी रु. ४०२००००।०० र दोस्रो किस्तावापत रु.३००००।०० का दरले शर्सत अनुदानवाट ४५ जनालाई रु.१३५००००।०० गरी जम्मा रु.५३७००००।०० उपलव्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्मन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **योजना तथा कार्यन्वयन**<br>**योजना सुची तयार नगरेको:** स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईन्छ । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन । मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ ।<br>**योजना तर्जुमा तथा कार्यान्वयन** दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन । कानुनमा भएको ब्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ३९ | | | **बैक ग्यारेण्टी समय नपुग**<br>सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११०(४) कार्यसम्पादन जमानतको मान्य अवधी निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्नेछ । निम्न निर्माण कार्यको कार्यसम्पादन जमानतको बैक ग्यारेण्टी समय अपुग भएकोले नियममा भएको ब्यवस्था अनुसार म्याद थप गरिनुपर्दछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| कृष्ण मोटर मार्ग | ब्रोदर्स कन्ट्या क्टीन एण्ड कन्टक्सन प्रा.लि. | २१९३००० | २०७८।२।१७ | २०७८।९।१६ | २०७९।२।१७ |
| गाँउपालिका प्रशाकिय भवन | डिएनडी मोबायल जेभी | २३०३००० | २०७८।२।४ | २०७९।२।१८ | २०७९।२।६ |
| घुमाउने ताल निर्माण | साउथ एशियन एनआइआर जेभी | २७३४५०० | २०७८।२।२० | २०७८।९।१६ | २०७९।१।२७ |
| | जम्मा | ७२३०५०० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **ठेक्का ब्यवस्थापनमा ढिलाई**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को ८(२) (ग) मा खरिद कारबाहीको समय तालिका उल्लेख गर्नुपर्नेमा सो अनुसार उल्लेख गरेको देखिदैन । निम्नानुसारको ५० लाख भन्दा माथीको निर्माण कार्य खरिद संझौता फाल्गुण महिना पछि गरेको देखिन्छ । खरिद संझौता प्रथम चौमासिक भित्रै सम्पन्न गरी निर्माण कार्य समय तालिका अनुसार गर्नुपर्दछ ।उदाहरणको रुपमा निम्न लिखित पचास लाख माथीको ठुला ठेक्का ब्यवस्थापनलाई लिन सकिन्छ । | |

| निर्माण कार्य | संझौता मिति | भ्याट सहित लागत अनुमान | संझौता रकम | खर्च | कैफिएत |
|---|---|---|---|---|---|
| घुमाउने ताल निर्माण | २०७८।२।२० | १९८८४४९६।२४ | १२७०४१२८।५० | ९२३३७७।७५ | २०७८ पुष १६मा सम्पन्न गर्न पर्नेमा सम्पन्न हुन नसकेको |
| कृष्ण मोटर मार्ग वडा नं ३ | २०७८।२।१७ | १९१३२४४२।८३ | १३९२७७८१।८४ | ० | २०७८ पौष १६ मसान्त सम्पन्न गर्नु पर्नेमा हुन नसकेको |
| गाउपालिका प्रशासनिक भवन | २०७८।२।७ | २९८०४२१७।२७ | २२८३०६९९।२२ | १६३१५७६।१३ | ३३००००० पेश्की |

 

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>
पारिश्रमिक करः<br>
आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ ।पालिकाले देहायका पदाधिकारी तथा कर्मचारीको वार्षिक कर गणना गरी भुक्तानी गर्दा कम पारिश्रमिक करकट्टा गरेको देखिएकोले नपुग कर असूल गर्नुपर्ने रु....
<table>
<tr><th>नाम</th><th>वार्षिक आम्दानी</th><th>कुल कटंटी</th><th>करयोग्य आय</th><th>जम्मा कर</th><th>तिरेको कर</th><th>वाँकी कर</th></tr>
<tr><td>रन वहादुर राना</td><td>७८१०००</td><td>०</td><td>७८१०००</td><td>६३८००</td><td>७८१०</td><td>५५९९०</td></tr>
<tr><td>सरस्वती सिग्देल</td><td>८९२०००</td><td>०</td><td>८९२०००</td><td>९७१००</td><td>८९२०</td><td>८८१८०</td></tr>
<tr><td>वडाअध्यक्ष प्रतिव्यक्ती</td><td>४७१५००</td><td>०</td><td>४७१५००</td><td>६६५०</td><td>४७१५</td><td>१९३५का दरले ५ जनाको रु९६७५</td></tr>
<tr><td>रमेश सुवेदी</td><td>६८५१३८</td><td>१४११३६</td><td>५४४००२</td><td>१३९००</td><td>४५००</td><td>९४००</td></tr>
<tr><td>ध्रुवराज लामिछाने</td><td>६०३९३८</td><td>१३१७३६</td><td>४७२२०२</td><td>६७२०</td><td>४५००</td><td>२२२०</td></tr>
<tr><td>अर्जुन वराल</td><td>६३५६९८</td><td>१२८६५६</td><td>५०७०४२</td><td>१०२०४</td><td>५७०४</td><td>४५००</td></tr>
<tr><td>विष्णु प्रसाद पोख्रेल</td><td>५०१८७०</td><td>०</td><td>५०१८७०</td><td>९६८७</td><td>५०१८</td><td>४६६९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१७४६३४</td></tr>
</table>
</td><td>१७४,६३७</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
पालिका अनुदानवाट शिक्षक तलव भत्ताः<br>
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी पालिकाभित्र देहायवमोजिम विद्यालयलाई निकासा दिई खर्च लेखेको देखिन्छ। पालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरवन्दी पुर्ण रुपमा
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत वडा तथा गाउँपालिका कार्यालयवाट निर्णय गरी वजेट विनियोजन तथा रकमान्तर गरी विद्यालयलाई निजि शिक्षक व्यवस्थापन. अर्धवार्षिक तथा वार्षिक परिक्षा सञ्चालन र वालविकास तथा विद्यालय कर्मचारी लाई थप सुविधा वापत विभिन्न भौचरवाट ६१६६३६२।०० अनुदान दिइएको देखिन्छ।निजि शिक्षकको तलव भत्ता अनुदान वापत ठुलो रकम खर्च भएकोमा दरवन्दी मिलान तथा नियुक्ती गरिएकोँ शिक्षकको छनौटका सम्वन्धमा मापदण्ड तथा कार्यविधी वनाएको देखिदैन।अनुदान पश्चात सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधारको सम्वन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई आन्तरिक स्रोतको अनुदान निकासा नगर्ने सम्वन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन।पालिकाले सार्वजनिक स्रोतको खर्चपश्चात सोको प्रतिफलको अध्ययन गरी मात्र पुन सोही शिर्षकमा अनुदान निकासा गर्नुपर्ने देखिन्छ। | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ९७ | शिक्षण सिकाई अनुदान ३९ निजि शिक्षकको तलव तथा विद्यालय कर्मचारी र वालविकास सहजकार्तालाई थप प्रोत्साहन | १३७७२१२ |
| ८४ | शैक्षिक सहायता अनुदान ३७ विद्यालय | ६९०६०७ |
| १६० | शिक्षण सहयोग अनुदान शिक्षक तलव भत्ता | १०३४८७५ |
| २०८ | शिक्षण सहयोग अनुदान शिक्षक तलव भत्ता | ११८९७७८ |
| २२२ | गाउपालिकाद्धारा प्राविधिक विद्यालय सञ्चलन गरी अनुदान | २३८२८० |
| २३५ | सरस्वती मा वि शिक्षक तलव | १२००९७ |
| १२० | कक्षा ११ को परिक्षा सञ्चालन वापत निर्मला कुँवरलाई भुक्तानी | १००००० |
| १२२ | अर्धवार्षिक परीक्षा सञ्चालनवापतको रकम निर्मला कुँवरलाई भुक्तानी | ३०४१६० |
| २४० | कक्षा १ देखि १० सम्म निरन्तर विद्यार्थी मुल्यांकन प्रश्नपत्र निर्माण तथा छपाई | १२०७५० |
| १३९ | चन्द्रज्योती मा वि लाई प्राविधिक शिक्षा सञ्चालन वापत प्रशिक्षक र मसलन्ध खर्च | ४६१७२० |
| | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १५० | चन्द्रजयोती मा वि अनुदान | ५०००० | | |
| | | | | १८१ | कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन खर्च | २३२८३७ | | |
| | | | | १८३ | विद्यालय स्तरिय अतिरिक्त क्रियाकलाप सञ्चालन वापत भुक्तानी | २४६०४६ | | |
| | | | | | जम्मा | ६१६६३६२ | | |
| ४३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ।गाँउपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु ४१ लाख ९४ हजार खर्च गरेको मध्ये रु ३४ लाख ७२ हजार विपन्न श्रमिकको ज्याला वापत खर्च गरेको छ । लेखापरीक्षणको क्रममा प्रगती विवरण,दर बिश्लेषण, कार्यक्रम अनुसारको खर्चको तेरिज उपलब्ध हुन नसकेकोले कुन वडामा कति कति बेरोजगारलाई लक्षित गरि कार्यक्रम संचालन गरिएको हो एकिन हुन सकिएन उक्तखर्चवाटलक्षितवर्गमाअल्पकालीनरोजगारीसृजनाभएतापनिकामकोदीगोपनातथादीर्घकालीनरोजगारीसृर्जनाभएकोदेखिंदैन। | | | | | |
| ४४ | | | **कार्यविधि भन्दा बढि कन्टिन्जेन्सि खर्च**<br>कामका लागि पारिश्रमिक कार्यविधि २०७६ (७) मा लागत अनुमानको वढीमा १ प्रतिशत मात्र कन्टिन्जेन्सीमा खर्च गर्न पाउने व्यवस्था छ । पालिकाले कामको लागत अनुमानमा कन्टिन्जेन्सी कट्टा गर्ने रकम उल्लेख गरेको छैन । भौ नं १५१,१५२,१५३ बाट विपन्न श्रमिकको ज्याला कार्यक्रमबाट कन्टिन्जेन्सी उल्लेख गरी रु २२०००० खर्च गरेको छ जुन लागत अनुमानको ६.६७ प्रतिशत हुन आउछ । कार्यविधि भन्दा वढी कन्टिन्जेन्सी खर्च भएको अनियमित देखिएको रु | | | | | १८७,५४४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४५ | | | **मेड्पा कार्यक्रम**<br>गरिवि निवारणका लागी लघ्यु उद्यम विकास कार्यक्रम कार्यसञ्चालन निर्देशिका २०७७ (४१)उद्यमिलाई उपलब्ध गराउने प्रविधिमा कुल लागतको कम्तिमा २० प्रतिशत लागत उद्यमिले व्यहोर्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले गरिवि निवारको लागि लघ्यु उद्यम विकास कार्यक्रम अन्तर्गत सिलाई कटाई सम्बन्धि तालिम संचालन गर्नको लागि मनसुन टप टेलर्ससँग रु ४९५६२० मा सम्झौता गरेको छ । भौ नं ६६ बाट सिलाई मेसिन १२ वटा रु ११९९०५ मा खरिद गरेको भुक्तानी पुरुषोत्तम घलेलाई गरेको साथै भौ नं १४० बाट मनसुन टप टेलर्सलाई सम्झौताको अन्तीम भुक्तानी रु ३४५६२० भुक्तानी गर्दा प्रविधि हस्तान्तरण भईसकेकाले अन्तिम किस्ता भुक्तानी दिइएको भनिएको छ तर प्रविधि कसलाई हस्तान्तरण गरिएको हो कति प्रतिशत लागत साझेदारी गरिएको हो एकिन हुन सकिदैन । पालिकाले कार्यक्रम र खर्चको भुक्तानी दिदा कार्यक्रम निर्देशिकामा उल्लेख भएका शर्त पालन गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ४६ | | | **विरुवा वितरण** | |
| ४६.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। भौ नं १४८ स्थानीय तहमा सुन्तला जात (सुन्तला,कागती,जुनार,एभोकाडो,आँप,लिचि,केरा) विरुवा रोपण अभियान कार्यक्रम (५०%अनुदान) मा देखिएको व्यहोरा देहायवमोजिम छन् ।<br>पालिकाले विभिन्न नर्सरी फर्मबाट एभोकाडो, कागती, आँप,लिचि,सुन्तलार केरा रु ४३५७५० मा खरिद गरेको मा पालिकाले रु ७५१७२० भुक्तानी गरेको छ ।कार्यक्रममा ५० प्रतिशत अनुदान उपलब्ध गराउने भनि उल्लेख भएको हुदा कुल खरिदको ५० प्रतिशतले हुन आउने रु ४६०८७५ मात्र भुक्तानी हुनुपर्नेमा रु ७५१७२० भुक्तानी गरेकोले कृषकको ५० प्रतिशत लागत सहभागिता देखिने सान्दर्भिक प्रमाण पेश गर्नुपर्ने अन्यथा कार्यक्रम भन्दा वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु | २९०,८४५ |
| ४६.२ | | | पालिकाले विभिन्न नर्सरी फर्मबाट एभोकाडो २००० वटा रु १८० का दरले खरिद गरेको छ । राष्ट्रिय फलफुल विकास केन्द्रको नम्समा एभोकाडो रु १०० प्रति विरुवा उल्लेख छ । पालिकाले आफ्नो नर्म्स तयार नगरेको अवस्थामा विरुवा खरिद गर्दा कुन नम्सलाई आधारमानि खर्च गरेको हो यथार्थ प्रमाण नभएकाले विरुवा खरिदको आधिकारीक नम्स पेश गर्नुपर्ने अन्यथा केन्द्रिय नम्स भन्दा वढी भुक्तानी भएको रु १६०००० को कृषकको अंश घटाएर असुल गर्नुपर्ने रु | ८०,००० |
| ४६.३ | | | पालिकाले विरुवा रोपण कार्यक्रम अन्तर्गत खरिद गरेको विरुवा वितरणको भरपाई समेत पेश नभएकोले भरपाई पेश गर्नुपर्ने रु | ७५१,७२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **तलवि प्रतिवेदन**<br>संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० मिति २००७६।५।१८ गतेको परिपत्र वमोजिम स्थानिय तहका कर्मचारी र संघबाट काजमा स्थानिय तहमा कामकाज गर्न खटाईएका कर्मचारिहरुको तलवि प्रतिवेदन नेपाल सरकारको मिति २०७६।५।१८ गतेको निर्णयवमोजिम सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख भएकोमापालिकाले आ व २०७७।७८ मा सशर्तबाट तलव भुक्तानी गर्ने कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि ८१ लाख ९१ हजार खर्च गरेको छ । पालिकाले तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भुक्तानी गर्न तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष शिलवन्दी र कोटेशनबाट रु १०७०००० को औषधि खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः<br>· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेकोकारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>· आपूर्ति भएका औषधी एवंसर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br>· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाटहस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>· म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,<br>· पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>· पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट औषधी खरिदको लागि रु १९४८१४१ को लागत अनुमान तयार गरी सिलवन्दी गर्दा हेल्पीङ्ग मल्टिपर्पोज प्रा लि ले रु ३८५९६७ मा औषधी खरिदको लागि छनौट भएको छ जुन कार्यलयको लागत अनुमान भन्दा १९.८१ प्रतिशत कम कवोल गरेको,<br>· पालिकाले औषधि खरिदको भुक्तानी गर्दा धरौटी ५ प्रतिशत कट्टा नगरी भुक्तानी गरेको,<br>· सोझै खरिद गर्दा र शिलवन्दिमा खरिद गर्दाऔषधिको स्पेशिफिकेशन स्पष्ट रुपमा नखुलेकोले एउटै औषधिमा पनि समान मुल्यदर कायम गर्न नसकेको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **स्थानीय विकास पूर्वाधार विकास कार्यक्रममा देखिएको ब्यहोराहरु**<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत रु ६५०००००। अख्तियारी प्राप्त गरी रु ५४५८३७९। खर्च गरेकोछ । यसमा देखिएको ब्यहोरा निम्नानुसार छन् ।<br>सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९७ (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन । तर, लागत अनुमान तयार गर्दाको समयका हेभी मेशीन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा गाउँपालिकाबाट सहमति लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिनेछ । नियम ९७को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण ब्यवसायी वा सबकन्ट्याक्टरबाट गराउन सकिने छैन भन्ने ब्यवस्था छ । नयाँटार गाँउडाँडा मोटर मार्ग कार्य वडा नं ४ को लागि स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु.१००००००। विनियोजन भएकोमा रु ९६९०००। खर्च गरेको छ । उक्त कार्यगर्दा कडा चट्टान कटान, कडा माटो र नरम माटो काट्ने खन्ने कामको लागि हेभी मेशिन प्रयोग गरेको देखिन्छ । त्यसै गरी राधाकृष्ण मोटरमार्ग निर्माण उपभोक्ता समितिबाट काम गरी स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु. २००००००। विनियोजन भएकोमा रु १९६०३७९। खर्च गरेको देखिन्छ ।सो कार्य गर्नको लागि जितेन्द्र कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि सँग बाटो खन्ने काम संझौता गरी गरेको देखिन्छ ।जटिल प्रकृतीको कार्य भनि सम्बन्धित प्राविधीकको सिफारिस र गाऊपालिकाको सहमति लिएको नपाईएकोले कार्य नियम सम्मत देखिएन । नियमको पालना गरी उपभोक्ता समितीबाट निर्माण कार्य गरिनुपर्दछ ।<br>सोही नियमवालीको नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने ब्यवस्था भएकोमा हाल सम्म कुनैपनि योजना हस्तान्तरण भएको छैन ।नियमको पालना गरी योजना हस्तान्तरण गरी योजनाको दिगोपनको सुनिश्चिता गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाट:<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ ।यस पालिकाले विभिन्न सडक निर्माणका योजना उपभोक्ता समितिबाट सम्पन्न गराई खर्च लेखेको छ।यसरी सम्पन्न गरेका योजनामा सम्पूर्ण काम सडक कटिङ्गको काम रहेको र सडक कटिङ्ग कार्यमा मेसिन प्रयोग भएको छ।यसरी निर्माण कार्य गर्दा रोजगारी सिर्जना नहुनुका साथै काममा मितव्ययिता रगुणस्तरियता समेत सुनिश्चित नहुने देखिन्छ।यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ।केहि उदाहरणहरु:<br>
<table>
<tr><th>भौ न मिति</th><th>कामको बिवरण</th><th>अन्तिम मुल्याङ्कन</th><th>मेसिन प्रयोग बिल</th></tr>
<tr><td>२१६.२०७८।०३।२५</td><td>वनडाँडा किटिया मोटरमार्ग</td><td>३३५६४७.६३</td><td>२६३२७५</td></tr>
<tr><td>२२४.२०७८।०३।२३</td><td>धाव्दी नेपडाँडा देखि गलकोटसम्म सडक स्तरोन्नती</td><td>३२९०५४</td><td>३२९०५४</td></tr>
<tr><td>२७५.२०७८।०३।२६</td><td>शान्ती मोटरमार्ग निर्माण</td><td>२२२१४९.३४</td><td>२२२१४९.३४</td></tr>
<tr><td>३०२.२०७८।०३।२६</td><td>पारथोक देखि करुवाटार सडक निर्माण</td><td>३४८१८०.६८</td><td>३४८१८०.६८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>उपभोक्ता समितिबाट जटिल निर्माण कार्य:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । यस गाउँपालिकाले विशिष्ट प्राविधिक सिप तथा उपकरणहरु आवश्यक पर्ने विभिन्न निर्माण काम उपभोक्ता समितिमार्फत गराएको छ। यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने अवस्था देखिदा यसरी गरेको कार्य ऐनको उद्येश्यको प्रतिकुल समेत देखिन्छ ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को ९७ मा उपभोक्ता समिति वा समुदायले पाएको काम आफैले गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टबाट गराउन सकिने छैन उल्लेख छ।तपशिल बमोजिमका योजनाहरु उपभोक्ता समिति सँग सम्झौता भएको तर संलग्न फाँटवारी परीक्षण गर्दा सम्पूर्ण कार्यसम्पन्नको निर्माण कम्पनीको बिल रहेको छ। यस बाट निर्माण कार्य उपभोक्ता समितिको संलग्नातामा नभई सबकन्ट्रयाक्ट बाट भएको देखिन्छ ।यसरी नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी कार्य गराउनु नियमित भएको मान्न सकिदैन।केहि व्यहोरा:<br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>लागत अनुमान</th></tr>
<tr><td>३६०</td><td>घिरिङ गाउँपालिका छानुङ मानुङ खण्ड विद्युतिकरण उ स</td><td>छानुङ मानुङ खण्ड विद्युतिकरण</td><td>१९१०७५९.९४</td></tr>
<tr><td rowspan="2">१३५</td><td>घिरिङ गा पा १ २ र ४ वडा</td><td rowspan="2">१ २ र ४ वडा विद्युतिकरण</td><td rowspan="2">२८८०६१६</td></tr>
<tr><td>विद्युतिकरण उ स</td></tr>
<tr><td rowspan="3">५०</td><td>थानी देवी मानपुर खिला</td><td rowspan="3">विद्युत लिफ्टिङ्ग खानेपानी</td><td rowspan="3">२७६३५०३</td></tr>
<tr><td>विद्युत लिफ्टिङ्ग खानेपानी</td></tr>
<tr><td>योजना उ स</td></tr>
<tr><td rowspan="2">१५</td><td>अलैचि खानेपानी लिफ्टिङ</td><td rowspan="2">खानेपानी लिफ्टिङ</td><td rowspan="2">४४०५१७७.१५</td></tr>
<tr><td>योजना</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **मेसिनले प्रयोग भएकोमा ब्याक फिलिङ्ग काममा मानिस प्रयोगः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएका केहि योजनाको नमुना छनौँट गर्दा तपशिल बमोजिमका योजनामा मेसिन प्रयोग गरी खनेको ब्याक फिलिङ काममा मानिस प्रयोग गरेको देखाई भुक्तानी दिएको छ। नरम र कडा माटो खन्ने काम मेशिनवाट गर्दा ब्याक फिलिङको काम मानिस बाट नै भएको हो भन्ने स्पष्ट आधार नभएकोले मेसिनबाट नै ब्याक फिलिङको कार्य भएको प्रष्ट हुन्छ र प्राविधिक सँगको छलफलमा मेसिनद्धारा नै ब्याक फिलाङ कार्य भएको तर मेसिनद्धारा ब्याक फिलिङको गाउँपालिकाद्धारा स्विकृत देररेट नरहेकोले मानिसद्धारा ब्याक फिलिङको दर प्रयोग गर्नु परेको मौखिक जानकारी प्राप्त भएकोले यस सम्बन्धमा मेसिन प्रयोगको दररेट राखि भुक्तानी हुनुपर्ने अवस्थामा मानिसवाट गरेको देखाउदा बढि भुक्तानी भएको छ।मेसिनवाट गरिएको काम मानिस प्रयोग गरिएको दरले बढि भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु | ४६६,३४९ |
| ५३ | | | **बढि भुक्तानी:**<br>भौ न २०३ मिति २०७८।०३।१५ बाट ताले कुलो मर्मत निर्माण योजनाको उपभोक्ता समितिलाई भुक्तानी दिईएको खर्च लेखेको छ। उक्त निर्माण कार्यको अन्तिम मुल्याङ्कनमा १:२:४ पिसिसि को काममा १:२:४ आरसिसि को दररेट कायम गरि मुल्याङ्कन गरिएको छ।दररेट फरक राखि मुल्याङ्कन गर्दा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको छ। कार्यसम्पादन भएको १२.२७ घ मि को प्रति घ मि रु ११८४७.१ दरले मुल्याङ्कन भई रु.१४५३६३.९१७ भुक्तानी गर्नुपर्नेमा आरसिसि प्रति घ मि रु. १२४४०.०६ को दरले रु.१५२६३९.५३६ भुक्तानी भएको छ। यसरी भुक्तानी हुदा उपभोक्ता समितिलाई रु ७२७६ बढि भुक्तानी भएकोले सम्वन्धितलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु | ७,२७६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>चेनेज नखुलाई सडक ग्राभेलिङ:<br>बेलभञ्ज्याङ खुम्लिङ्टार मोटरमार्ग विस्तार एवं स्तरोन्नति कार्यको लागि पालिकाले भौ.न २४४, मिति २०७८|०३|२४ बाट उपभोक्ता समितिलाई भुक्तानी दिएको खर्च लेखेको छ। उक्त मोटर मार्ग विस्तार एवं स्तरोन्नति कार्यको लागि चेनेज खुलाई सडक खन्ने कार्य २१० मीटरमा भएको तर चेनेज नखुलाई नालि खन्ने कार्य ६२० मीटर १० से.मी. ग्राभेल गर्ने कार्य गरेको पाइयो। सडक खन्ने कार्य २१० लम्बाई रहेकोमा सडकको लम्वाई भन्दा ग्राभेल गर्ने कार्य ४१० मीटर वढी देखाएकोले तपसिल वमोजिम उपभोक्ताको अंश कट्टा गरी वढी भुक्तानी भएको रु ४३१४६९ को चेनेज खुलेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु<br>
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम</th><th>उ.स.को योगदान</th><th>वढी रकम</th></tr>
<tr><td>ग्राभेल गर्ने कार्य</td><td>१८४.५ घ.मी.</td><td>१४१०.७०</td><td>२६०२७४.१५</td><td>१०</td><td>२३४२४७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>२३४२४६७</td></tr>
</table></td><td>२३४,२४६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **प्रतिलिपि बिल:**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चलाइ पुष्ट्याइ गर्ने प्रमाण काजगात समेतको लेखा राख्नुपर्ने उल्लेख छ। यस नगरपालिकाले देहाएको कामको भुक्तानी गर्दा प्रतिलिपी विलको आधारमा भुक्तानी गरेकोले सक्कल विल पेश गर्नुपर्ने रु | ८९३,८३० |

| भौ नं मिति | सप्लायर्सको नाम | बिजक नं | कामको विवरण | रकम |
|---|---|---|---|---|
| ९.२०७७।०६।१४ | बेदान्त मल्टिपर्पोज कम्पनी प्रा लि | १४७ | गैरा पधेरा लिफ्टिङ्ग खा पा योजना | ९८००० |
| ४९.२०७७।०९।०८ | विवरण नखुल्ने सिमेन्ट खरिद विल | १०४३ | पशुपति मोटर मार्ग स्तरोन्नती | ६६१०५ |
| ४९.२०७७।०९।०८ | घिरिङ्ग निर्माण सेवा | ६७ | पशुपति मोटर मार्ग स्तरोन्नती | ५४९९५०.८१ |
| ४९.२०७७।०९।०८ | विवरण नखुल्ने सिमेन्ट खरिद | नखुलेको | पशुपति मोटर मार्ग स्तरोन्नती | ६८९३० |
| | | | जम्मा | ८९३८३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **बढि परिमाण मुल्याङ्कन:**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकावाट खरिद सम्झौता भै निर्माण कार्य भएको र निर्माण सम्पन्न भएको योजनाको उपभोक्ता समिति अन्तिम विलको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदान भएको भन्दा वढि परिमाण कार्य भएको नापि र मुल्याङ्कन कायम गरी भुक्तानी दिएको पाइयो।भौ न ३१७ मिति २०७८।०३।२६ वडा नं ३ आमभञ्ज्याङ्ग ताले मोटर मार्ग निर्माणको उपभोक्ता समितिलाई भुक्तानी दिईएको खर्च लेखेको छ। संलग्न फाँटबारी परीक्षण डोजर प्रयोग गरी नाला तथा सडक खन्ने कार्य जम्मा घ मि ११९७ मध्य ८५% कडा माटो खन्ने कार्य रहेको र १५% चट्टानको काम रहेको छ। नापि किताव र मुल्याङ्कन अनुसार ८५ प्रतिशतले हुन आउने १०१७.४५ घ मि माटो खन्ने कार्य भएको र त्यसै गरी चट्टानको काम १५ प्रतिशतले हुने १७९.५५ घ मि हुनुपर्नेमा यस पालिकाले अन्तिम मुल्याङ्कनमा ३२१.७४ घ मि कायम गरी उपभोक्ता समितिलाई भुक्तानी दिईएको छ।यसरी भुक्तानी गर्दा १४२.१९ घ मि चट्टानको खन्ने काम प्रति घ मि रु२२४.२८ को दरले जम्मा रु ३१८९० उपभोक्ता समितिलाई बढि भुक्तानी भएकोले बढि भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाई असुल गर्नु पर्ने रु | ३१,८९० |

| भौ न मिति | कामको विवरण | मुल्याङ्कन भएको परिमाण | बढि नापी भएको | दर प्रति घ मि | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| २९८.२०७८।०३।३६ | कडा माटो खन्ने काम ८५ प्रतिशत | १०१७.४५ | ० | | |
| | चट्टान खन्ने काम १५ प्रतिशत | ३२१.७४ | १४२.१९ | २२४.२८ | ३१८९० |
| | | जम्मा | | | ३१८९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **ईटाँमा न्यून विजकिकरण:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न काम उपभोक्ता समितिमार्फत गराएकोमा इट्टाको काममा खर्चका विल परिक्षण गर्दा पालिकाले तयार गरेको दररेट भन्दा ज्यादै न्युन मात्रामा विजक पेश गरेको देखियो। इट्टाको काममा जिल्ला दररेटमा १६=७५ रहेको छ तर विजक परिक्षण गर्दा प्रति इट्टा रु १२=७५ भित्र खरिद गरेको देखिएकोमा समेत रु १६=७५ को दरले मुल्यांकन गरी भुक्तानी दिएको छ। पालिकाले विल अनुसारको मुल्यांकन गरी न्युन विजकीकरणलाइ नियन्त्रण गर्न जरुरी देखिन्छ। साथै न्यून विजकिकरण हुदा समेत उपभोक्ता समितिलाई कार्यसम्पन्न र मुल्याङ्कन बरावरको रकम भुक्तानी हुदा मुल्य अभिवृद्धि कर समेत भुक्तानी भएको छ।यसरी भुक्तानी भएको रु | ३,०६० |

| भौ न | योजनाको नाम | व्रिक वर्कको काम (घमि) | ब्रिक प्रयोग प्रति ध मि | प्रयोगमा आएका इट्टा | जिल्ला दररेट मु अ कर सहित | विल अनुसारको दर मु अ कर सहित | फरक दर | वढी भुक्तानी<br>मुअ कर सहित | बढि भुक्तानी भएको मुअ कर |
|---|---|---|---|---|---|---|---|---|---|
| १८८.२०७८।०३।३० | स्वास्थ्य ईकाई अधुरो भवन निर्मण योजना | १०.१७ | ५६० | ५७०० | १५.९७ | ११.३ | ४.६७ | २६६०१ | ३०६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **नाला निर्माण काममा नापीमा फरक:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस पालिकाले भौ न ३६४ मिति २०७८।०३।२४ बाट गड्यौलि रिङ्गरोड ग्रावेल योजनाको उपभोक्ता समितिलाई भुक्तानी दिईएको छ। यस निर्माण कार्यमा ८५० मिटर, ०.७ मिटरचौडाई र ०.५ मिटर उचाईको कच्ची नाला मेसिनको प्रयोग गरि खन्ने लागत अनुमानमा स्वीकृत गरिएको छ र संलग्न फाँटवारी परिक्षण गर्दा सोहि बमोजिम कार्यसम्पादन भएको देखिन्छ। तर नापी किताव र अन्तिम मुल्याङ्कनमा नाला निर्माण कार्यको ८५० मिटर लम्बाई, उचाई०.५० मिटर र चोडाईमा अस्वाभाविक ७ मिटर कायम जम्मा २९७५ घ मि को प्रति घ मि रु ६२.६० को दरले रु.१८६२३५ भुक्तानी दिईएको छ।यसरी ८५० मिटर, ०.७ मिटरचौडाई र ०.५ मिटर उचाईको कुल परिमाण २९७.५ घ मि कायम हुनुपर्नेमा नापीमा फरक पर्दा २९७५ घ मि कायम भएकोले २६७७.५ बढिपरमाण मुल्याङ्कन भएको छ। २६७७.५ घ मि को प्रति घ मि ६२.२० को दरले बढि भुक्तानी भएको रु १६७६११.५ मा उपभोक्ताको योगदानको अंश १६७६१.१५ कट्टा गरि असुल गर्नुपर्ने रु | १५०,८५० |

| कामको विवरण | खुद नालो खनेको परिमाण | नाली खनेको देखाएको | बढी परिमाण | दर प्रति घ मि | बढी रकम उ स अंश कट्टा पछि |
|---|---|---|---|---|---|
| नाली खन्ने खन्ने कार्य | ८५०*०.७*०.५ | ८५०*७*०.५ | २६७७.५ | ६२.६ | १५०८५० |
| | : २९७.५ घ मि | :२९७५ घ मि | | | |
| | | जम्मा | | | १५०८५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५९ | | | **चट्टान कटिङ्को काममा बढि भुक्तानी:**<br>भौ न २१६ मिति २०७८।०३।२२ बाट यस पालिकाले वनडाँडा मोटरमार्ग निर्माण कार्यको उपभोक्ता समितिलाई गरेको भुक्तानीको खर्च लेखेको छ। यस निर्माण कार्यको आईटम १ मा ब्रेकर प्रयोग गरी प्रति घ मि ५६० को दरले ३६० घ मि कडा चट्टान कटिङ्ग र आईटम २ मा प्रति घ मि २२४.२८ दरले २६६.७६ घ मि मध्यम चट्टान कटिङ्गको काम रहेको छ। यस सम्बन्धमा संलग्न फाँटवारी परीक्षण गर्दा सम्पूर्ण मेसिन प्रयोग गरी कटिङ्ग कार्य गरेको ५३ घण्टा प्रति घण्टा ५००० को दरले नाईसा कन्सट्रक्सन प्रा लि को बकेट प्रयोग गरेको बिल संलग्न रहेको छ। यस बाट यस निर्माण कार्यमा ब्रेकर प्रयोग गरी चट्टान कटिङ्गको कार्य नभएको स्पष्ट हुन्छ।यसरी ब्रेकर प्रयोग भएको मापन गरी मुल्याङ्कन गरीएको ३६० घ मि काममा वास्तवमा ब्रेकर प्रयोग नभई बकेट मात्र प्रयोग भएकोले ३६० घ मि बकेट प्रयोगको दर रु २२४.२८ को दरले मुल्याङ्कनु गरी भुक्तानी गर्नुपर्नेमा रु ५६० को दरले मुल्याङ्कन भई भुक्तानी हुदा ३३५.७२ प्रति घ मि बढि भुक्तानी भएकोले जम्मा रु१२०८५९ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | १२०,८५९ |

| कामको विवरण | परिमाण | मुल्याङ्कन भएको दर | कायम हुनुपर्ने दर | बढि दर | बढि भुक्तानी |
| --- | --- | --- | --- | --- | --- |
| चट्टान कटिङ्ग काम | ३६० | ५६० | २२४.२८ | ३३५.७२ | १२०८५९ |
| | | जम्मा | | | १२०८५९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण–<br><br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छः<br>
(रु. हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th><th>यो वर्षको बेरुजु</th><th>संपरीक्षणबाट कायम बेरुजु</th><th>अध्यावधिक बाँकी बेरुजु</th></tr>
<tr><td>६०३२४</td><td>४३५</td><td>५९८८९</td><td>१०८५५</td><td>०</td><td>७०७४४</td></tr>
</table>
यस वर्ष फछ्र्यौट भएको वेरुजूको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">आ व</th><th rowspan="2">वेरुजू दफा नं.</th><th rowspan="2">वेरुजूको संक्षिप्त व्यहोरा</th><th colspan="2">फछ्र्यौटको आधार</th><th rowspan="2">सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th></tr>
<tr><td>२०७४।७५</td><td></td><td>आन्तरिक आम्दानी नगद मौदात रहको (४४१४७), (१५८९१६), (३१०५), (१९२१६५), (३३०००), संचित कोष दाखिला</td><td>४३१३३३</td><td>०</td><td>४३१३३३</td></tr>
<tr><td>२०७६।७७</td><td></td><td>कार्यलय समय भित्रको वैठक भत्ता भुक्तानीमा भएको सरस्वति घिमिरे सिग्देलको असुल भएको</td><td>३४००</td><td>०</td><td>३४००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४३४७३३</td><td></td><td>४३४७३३</td></tr>
</table>
</td><td></td></tr>
</table>